श्री ५ को सरकार

# राष्ट्रिय सतर्कता केन्द्र

## बार्षिक प्रतिवेदन

२०६१।६२

# विषय सूची


| सि. नं. | बिषय | पेज नं. |
| --- | --- | --- |
| १. | पृष्ठभूमि | १ |
| २. | काम, कर्तव्य र अधिकार | २ |
| ३. | संगठन संरचना ,जनशक्ति र वजेट व्यवस्था | ४ |
| ४ | आ.व.२०६१।०६२ मा सम्पादित कार्यहरुको संक्षिप्त विवरण | ५ |
| ५ | भविष्यका कार्ययोजना | ११ |
| ६ | सुझावहरु | १३ |
| ७ | उपसंहार | १८ |

**अनुसूचि - क**

**अनुसूचि - ख**

**अनुसूचि - ग**

**अनुसूचि - घ**

**अनुसूचि -ङ**

**अनुसूचि -च**

**अनुसूचि -छ**

# भ्रष्टाचार नियन्त्रणमा राष्ट्रिय सतर्कता केन्द्रको भूमिका

- **शिव प्रसाद पराजुली**
**सह सचिव, रा.स.के.**

***परिचय (Introduction)***

सर्वसाधारणको सुख, शान्ति र आर्थिक हितको निमित्त समाजमा आर्थिक अनुशासन, नैतिकता र सदाचार कायम राख्ने उद्देश्यले बनेको भ्रष्टाचार निवारण ऐन, २०५९ बमोजिम **भ्रष्टाचारजन्य कार्यलाई प्रभावकारी रुपमा नियन्त्रण गर्ने तथा भ्रष्टाचार विरुद्धमा जनचेतना अभिवृद्धि गर्न** प्रधानमन्त्रीको प्रत्यक्ष रेखदेख र नियन्त्रणमा रहने गरी राष्ट्रिय सतर्कता केन्द्रको स्थापना गर्न सक्ने व्यवस्था भए बमोजिम श्री ५ को सरकारको निर्णयानुसार २०५९।४।२७ मा राष्ट्रिय सतर्कता केन्द्रको स्थापना भएको छ ।

प्रशासनिक तथा सार्वजनिक क्षेत्रका विभिन्न तहमा हुने ढिलासुस्ती, प्रशासनिक तथा आर्थिक अनियमितता लगायत भ्रष्टाचारजन्य अन्य क्रियाकलापहरुको प्रभावकारीरुपमा नियन्त्रण गरी सुशासनको प्रत्याभूति दिन निरोधात्मक (Preventive) र भ्रष्टाचार विरुद्ध प्रवर्द्धनात्मक (Promotional) कार्यहरु अन्तर्गत देहाय अनुसारका कार्यहरु राष्ट्रिय सतर्कता केन्द्रले गर्दै आएको छ ।

*क) सूचना संकलन तथा अन्वेषण*

भ्रष्टाचारजन्य कार्यलाई प्रभावकारीरुपमा नियन्त्रण गर्न सूचना संकलन, अन्वेषण एवं भ्रष्टाचार सम्बन्धी प्राप्त कुनै जानकारी सम्बन्धित निकायमा लेखी पठाउने जिम्मेवारी केन्द्रलाई सुम्पिए अनुरुप श्री ५ को सरकारका विभिन्न निकायहरु र सार्वजनिक संस्थाहरुको नियमित रुपमा गर्नुपर्ने कार्य नगरिदिएको एवं अनियमितता र भ्रष्टाचारजन्य क्रियाकलापहरुको सूचनाहरु विभिन्न माध्यमहरुबाट केन्द्रलाई प्राप्त हुने गरेको छ । यसको लागि केन्द्रमा हटलाइन टेलिफोनको (४२२४९०१) व्यवस्था गरी सूचना संकलन गर्ने व्यवस्था मिलाइएको छ । यस्तै केन्द्रमा रहेको फ्याक्स (४२१६७०६) र उजूरीपेटिका तथा हुलाक मार्फत पनि उजूरीहरु प्राप्त हुने गरेका छन् ।

केन्द्रले अनुगमन गर्दा फेलापरेका तथ्य एवं पत्रपत्रिकामा प्रकाशित समाचारहरुलाई पनि सूचनाको रुपमा लिने गरेको छ ।

केन्द्रमा पर्न आएका उजुरी एवं प्राप्त भएका सूचनाहरुको सम्बन्धमा निकायमा पत्राचार गरी बुझ्ने वा स्थलगत रुपमा टोली पठाई प्रारम्भिक छानविन (Enquiry) गरी भ्रष्टाचारजन्य क्रियाकलाप भएको पाइएमा सम्बन्धित निकायमा लेखी पठाउने र अनियमितता भएको पाइएमा आवश्यकतानुसार सरोकारवालालाई सतर्क वा ध्यानाकर्षण गराउने गरिएको छ ।

***ख. अनुगमन***

सार्वजनिक सेवा प्रदान गर्ने सरकारी निकाय तथा सार्वजनिक संस्थाहरुद्धारा नियमित रुपमा कार्यसम्पादन भए नभएको सम्बन्धमा यस केन्द्रबाट विभाग तथा कार्यालयहरुको अनुगमनको कार्य गर्ने गरिन्छ । यसै सन्दर्भमा केन्द्रले काठमाडौं उपत्यकास्थित ३३ वटा विभागहरुको कार्यविधि कार्यान्वयनको अनुगमन गरेको छ । अनुगमनको सिलसिलामा विभागहरुको भौतिक सुविधा तथा वातावरण, गुनासो व्यवस्थापन, कर्मचारीको उपस्थिति, जिम्मेवारी बाँडफाँड, आन्तरिक संचार प्रणाली र निर्णय प्रक्रिया, अभिलेख व्यवस्थापन तथा सम्पत्ति संरक्षण, बार्षिक कार्यक्रम र बजेट, बेरुजु सम्परीक्षण, सम्पत्ति विवरण अभिलेख तथा मातहत कार्यालय निरीक्षण अनुगमनको व्यवस्था लगायतका विषयमा अनुगमन गरिएको थियो । यसै सन्दर्भमा विभागीय प्रमुखहरु सम्मिलित एक गोष्ठीको आयोजना गरी विस्तृत प्रतिवेदन तयार गरियो र सो प्रतिवेदनमा उल्लेख गरिएका सुझावहरु कार्यान्वयनको निर्णय समेत लिइयो ।

काठमाडौं उपत्यका भित्रका काठमाडौं, ललितपुर र भक्तपुर तीनै जिल्लाहरुको १२ वटा र उपत्यका बाहिरका १४ वटा जिल्लाका सरकारी कार्यालय एवम सार्वजनिक संस्थाहरुको अनुगमन गरिएको । ती कार्यालयहरुमा उजूरी पेटिका र नागरिक वडापत्र राखे नराखेको, सरसफाईको स्थिति, दरवन्दीको अवस्था, कर्मचारीको उपस्थिति बजेट तथ कार्यको प्रगति, बेरुजु फछ्र्यौट र जिन्सी, जनगुनासो व्यवस्थापन, भौतिक साधन श्रोतको अवस्था, अधिकार प्रत्योजन र अभिलेखको व्यवस्था र सेवाग्राहीले विना झन्झट सरल र सुगम तरिकाले सेवा प्राप्त गर्न सके नसकेको सम्बन्धमा स्थलगत अनुगमन निरीक्षण गरियो । अनुगमन गरिएका कार्यालयहरुमा कार्यबोझ अनुसार दरवन्दीको व्यवस्था हुनुपर्ने, कार्यालयको रेकर्ड अभिलेख व्यवस्थापन तर्फ दराज, कम्प्यूटर जस्ता साधनहरुको व्यवस्था हुनुपर्ने विषय औल्याइएको छ । केही कार्यालयहरुको भवन परिसर र भौतिक अवस्था कार्यबोझ अनुरुपको हुनुपर्ने देखिएको छ ।

## *ग. सार्वजनिक पद धारण गरेका व्यक्तिको सम्पत्ति विवरण तथा आयको अनुगमन*

राष्ट्रिय सतर्कता केन्द्रलाई सार्वजनिक पद धारण गरेका व्यक्तिहरुको सम्पक्ति विवरण र आयको अनुगमन गर्ने जिम्मेवारी भ्रष्टाचार निवारण ऐन २०५९ को दफा ३८ को खण्ड (ग) ले सुम्पिएको साथै श्री ५ को सरकार गृह मन्त्रालयले मिति २०५९।५।३ मा राजपत्रमा सूचना प्रकाशित गरी सार्वजनिक पद धारण गरेका व्यक्तिले सम्पत्ति विवरण बुझाउने निकायहरु समेत तोकी दिएको छ ।

केन्द्रबाट सम्पत्ति विवरण बुझाए नबुझाएको अनुगमन गर्ने सिलसिलामा सम्पत्ति विवरण राख्ने जिम्मेवारी पाएका निकायहरुमा पत्राचार गरी विवरण लिने कार्य शुरु गरिएको छ । यस सम्बन्धमा निजामती र प्रहरी कितावखानाबाट प्राप्त हुन आएको विवरणबाट विशिष्ट श्रेणी र प्रथम श्रेणीका अधिकृतहरुले सम्पत्तिको विवरण बुझाएको, द्वितीय श्रेणीका अधिकृतहरुमध्ये अधिकांशले विवरण बुझाएका र बुझाउन बाँकी रहेकाहरुको विवरण लिन अनुगमन भैरहेको छ । यही सिलसिलामा केन्द्रले सम्पत्तिको विवरण बुझाउने बारेमा गोरखापत्रमा बैशाख ३० गते भ्रष्टाचार निवारण ऐन को दफा ५० को व्यवस्था बमोजिम गर्न गराउन सार्वजनिक सूचना समेत प्रकाशित गरेको थियो । श्री ५ का सरकारका सवै मंत्रालयहरु, न्याय परिषद सचिवालय, सर्वोच्च अदालत, प्रधानमन्त्री तथा मन्त्रिपरिषदको कार्यालय, संसद सचिवालयहरुलाई पत्राचार गरी सम्पत्ति विवरण बुझाए नबुझाएको अनुगमन गर्दै गरिएको छ ।

जनपद प्रहरी तर्फ प्रहरी महानिरीक्षकदेखि प्रहरी निरीक्षकसम्मका दर्ज्यानी भएका अधिकृतहरुले सम्पत्तिको विवरण बुझाएको जानकारी प्राप्त भएको । सो बारे अन्य प्रहरी कर्मचारीहरुले पनि सम्पत्ति विवरण बुझाए/नबुझाएको विवरण माग गरिएको छ । त्यसरी नै सशस्त्र प्रहरी बल तर्फ पनि सशस्त्र प्रहरी महानिरीक्षक देखि सशस्त्र प्रहरी निरीक्षक सम्मका दर्ज्यानी भएका अधिकृतहरुले सम्पत्तिको विवरण बुझाएको जानकारी प्राप्त भएको छ ।

साथै, श्री ५ को सरकारको सेवाबाट अवकास पाई निवृत्तिभरण पाइरहेको व्यक्तिहरु पुनः सार्वजनिक लाभको पदमा अथवा सरकारी सेवामा पारिश्रमिक पाउने गरी श्री ५ को सरकारबाट नियुक्ति भएमा पारिश्रमिक र निवृत्तिभरण दुवै सुविधा एक साथ लिन नहुने भन्ने सामान्य प्रशासन मन्त्रालयबाट निर्णयको जानकारी गराइएको छ । यस सम्बन्धमा यस केन्द्रले त्यस्तो दुबै सुविधा लिइरहेका पदाधिकारीहरुको विवरण लिने कार्य भइरहेको छ ।

## *घ. प्राविधिक परीक्षण*

विकास निर्माणका काममा उचित गुणस्तरीयता कायम होस्, विकास निर्माणका आयोजनाहरु निर्दिष्ट लागतको परिधि मै समयमा सम्पन्न होऊन् साथै यस्ता आयोजनाहरुको कार्यान्वयनबाट सर्वसाधारणले अपेक्षित फल दीर्घकालसम्म प्राप्त गर्न सकून् भन्ने उद्देश्यले सार्वजनिक पूर्वाधार विकास निर्माण आयोजनाहरुको प्राविधिक परीक्षण गर्ने परिपाटीको थालनी केन्द्रबाट गरिएको छ । प्राविधिक परीक्षणका सन्दर्भमा देहाय बमोजिम कार्यहरु केन्द्रबाट सम्पादन भएका छन् :

सार्वजनिक निर्माण कार्यको प्राविधिक परीक्षण हाम्रो देशका लागि नयाँ विषयवस्तु भएकोले त्यसका लागि आवश्यक पर्ने जनशक्तिलाई दक्ष बनाउने उद्देश्यले सार्वजनिक सेवामा कार्यरत एवं निजी क्षेत्रका इन्जिनियरहरु समेतलाई समावेश गरी तेश्रो चरणमा १८ जनालाई प्राविधिक परीक्षण सम्बन्धी प्रशिक्षण प्रदान गरी हालसम्म जम्मा ५४  जना प्राविधिकहरु तयार गरिसकिएको ।

सिंचाई तथा ग्रामिण सडक आयोजनाको प्राविधिक परीक्षणका लागि प्राविधिक परीक्षण निर्देशिका (Technical Audit Manual) तयार गरिएको ।

राष्ट्रिय सतर्कता केन्द्र कै जनशक्तिद्वारा सडक डिभिजन कार्यालय, ललितपुर अन्तर्गत र सडक डिभिजन कार्यालय, भक्तपुर अन्तर्गतका आयोजनाहरुको प्राविधिक परीक्षण कार्य सम्पन्न गरिएको ।

केन्द्रमा प्राप्त उजुरी तथा अन्य किसिमले प्राप्त सूचनाका आधारमा विभिन्न सार्वजनिक विकास निर्माण कार्यको आकस्मिक निरीक्षण र परीक्षण गर्ने पद्धतिको शुरु गरिएको ।
(यस अन्तर्गत पशुपति क्षेत्र अन्तर्गत निर्माण कार्य,  बाग्लुङ - जोमसोम सडक अन्तर्गत पर्ने वेनी पुल तथा उपत्यकाभित्रका आयोजनाहरु निरीक्षण गरिएको )

यस केन्द्रले निजीस्तरको प्राविधिक परीक्षकलाई नियुक्त गरी श्री ५ को सरकारको (राष्ट्रिय योजना आयोग मार्फत प्राप्त) बजेट उपयोग गरी विभिन्न छ वटा आयोजना र  विश्व वैंकको सहयोगमा संचालित रोड मेन्टेनेन्स एण्ड डेभेलप्मेन्ट प्रोजेक्ट (RMDP) अन्तर्गत ४ वटा आयोजनाका प्राविधिक परीक्षण सम्पन्न गरिएको र रोड मेन्टेनेन्स एण्ड डेभेलप्मेन्ट प्रोजेक्ट अन्तर्गत थप ३ वटा आयोजनाको प्राविधिक परीक्षण कार्य सम्पन्न भै प्रतिवेदन तयारी कार्य भैरहेको छ ।

एसियाली विकास वैंकको प्राविधिक सहायतामा सिंचाई, पूर्वाधार सडक तथा खानेपानी तर्फका १० वटा आयोजनाको प्राविधिक परीक्षणका लागि लागत तथा कार्य विवरण स्वीकृत भै

सकेको र निकट भविष्यमै प्राविधिक परीक्षक नियुक्त गरी प्राविधिक परीक्षण गर्ने गरी तयारी गरिएको छ । चालु आ.व.मा २० आयोजनाको प्राविधिक परीक्षण र १० आयोजनाको आकस्मिक निरीक्षण/परीक्षण गर्ने कार्य लक्ष्य रहेको छ ।

### *ङ. जनचेतना अभिवृद्धि सम्वन्धि कार्यक्रम*

भ्रष्टाचार विरुद्ध जनचेतना अभिवृद्धि गर्ने कार्यक्रम संचालन गर्नु केन्द्रको प्रमुख कार्यमध्येमा पर्दछ । भ्रष्टाचार विरुद्ध जनचेतना अभिबृद्धि गर्ने उद्देश्यले केन्द्रले अधिराज्यका विभिन्न जिल्लाहरुमा सरकारी निकाय एवं सार्वजनिक संस्थाका प्रमुखहरु, नागरिक समाजका प्रतिनिधिहरु, पत्रकारहरु, बुद्धिजिवीहरु सहभागी गराई कार्यपत्रहरु प्रस्तुत गरी गोष्ठी आयोजना गर्ने गरेको छ । यस अवधिमा झापा, बाँके, सोलुखुम्बु, जुम्ला, बाग्लुङ, र मुस्ताङ गरी ६ जिल्लामा जनचेतना अभिबृद्धि गोष्ठी संचालन गरिएको थियो । साथै केन्द्र र अख्तियार दुरुपयोग अनुसन्धान आयोगको संयुक्त तत्वावधानमा पोखरामा दुई दिने क्षेत्रीय गोष्ठीको समेत आयोजना गरिएको थियो । उक्त कार्यक्रममा सरकारी तथा गैर सरकारी निकायका प्रमुख तथा प्रतिनिधि, नागरिक समाज, पत्रकार तथा निजी क्षेत्रका व्यवसायीहरुको समेत सहभागिता रहेको थियो । गोष्ठीमा विभिन्न कार्यपत्र समेत प्रस्तुत गरिएको र गोष्ठीको अन्त्यमा पोखरा संकल्प समेत पारित गरिएको थियो । यस किसिमका गोष्ठीहरुबाट प्राप्त हुने महत्वपूर्ण सुझावहरुलाई केन्द्रले मार्गदर्शनको रुपमा लिने गरेको छ । चालु आ.व. मा भ्रष्टाचार नियन्त्रण सम्बन्धी डकुमेन्ट्री तयार गर्ने, दोहोरी गीत प्रतियोगिता, कार्टुन चित्र प्रतियोगिता, निबन्ध प्रतियोगिता, प्रवचन, १० जिल्लामा गोष्ठी, केन्द्रीय गोष्ठी, रेडियो कार्यक्रम जस्ता कार्यहरु गर्ने लक्ष्य रहेको छ ।

### *च. भ्रष्टाचार नियन्त्रणमा संलग्न सरकारी निकाय, गैरसरकारी निकाय एवं नागरिक समाज संग समन्वय एवं सहकार्य*

भ्रष्टाचार नियन्त्रणमा कार्यरत विभिन्न सरकारी निकायहरु भ्रष्टाचार नियन्त्रण शाही आयोग, अख्तियार दुरुपयोग अनुसन्धान आयोग तथा नागरिक समाज - ट्रान्सपरेन्सी इन्टरनेशनल, प्रो पब्लिक, रिमेक जस्ता निकायसंग समन्वय एवं सहकार्य गरी भ्रष्टाचार न्यूनिकरण गर्ने कार्यमा केन्द्र क्रियाशील रही आएको छ ।

भ्रष्टाचार नियन्त्रण शाही आयोगबाट केन्द्रमा पठाएका उजूरीहरुको स्थलगत रुपमै जाँचबुझ गरी प्रतिवेदन पठाइने गरेको ।

भ्रष्टाचार नियन्त्रण शाही आयोगमा केन्द्रका कर्मचारीहरु काजमा पठाइएको ।

अख्तियार दुरुपयोग अनुसन्धान आयोगबाट केन्द्रलाई प्राप्त उजूरी उपर अनुसन्धान गरी प्रतिवेदन पठाउने गरेको र केन्द्रमा परेका उजूरीहरु पनि आवश्यक कारवाहीको लागि आयोगमा पठाउने गरिएको ।

अख्तियार दुरुपयोग अनुसन्धान आयोगको निर्देशन बमोजिम केन्द्रबाट श्री ५ को सरकारको ३३ वटा विभागहरुको विभागीय कार्यविधि कार्यान्वयनको अनुगमन गरिएको । कार्यविधि कार्यान्वयनको स्थिति बारे श्री ५ को सरकारका सचिव एवं विभागीय प्रभुखहरुलाई आमन्त्रण गरी केन्द्र र आयोगको संयुक्त आयोजनामा गोष्ठी आयोजना गरिएको छ ।

नागरिक समाजको समेत सहयोगमा उत्कृष्ट निकाय घोषणा सम्बन्धमा आवश्यक मापदण्ड (सूचकांक) तयार गर्ने कार्य भइरहेको ।

भ्रष्टाचार विरुद्ध निरोधात्मक कार्यक्रमहरु (Preventive Measures) संचालन गर्ने सम्बन्धमा नागरिक समाजसंग मासिक रुपमा छलफल एवं विचार विमर्श गर्ने कार्य शुरु गरिएको ।

## *छ. राष्ट्रिय सतर्कता केन्द्रको नियमावली तर्जुमा*

भ्रष्टाचार निवारण ऐनले केन्द्रलाई तोकेको कार्यहरु सरल, स्पष्ट र व्यवस्थित रुपमा संपादन गर्न नियमावलीको आवश्यकता महसूस गरी केन्द्रले नियमावलीको मस्यौदा तयार गरी श्री ५ को सरकार (मन्त्रिपरिषद) को स्वीकृतिको लागि प्रधानमंत्री एवं मन्त्रिपरिषदको कार्यालयमा पठाइएको र तत्सम्बन्धमा सम्बन्धित निकायहरु (राष्ट्रिय योजना आयोग, भौतिक योजना मन्त्रालय, अर्थ मन्त्रालय र न्याय, कानून तथा संसदीय व्यवस्था मन्त्रालय)को सहमति लिने कार्य भैरहेको ।

भ्रष्टाचार विरुद्ध निरोधात्मक र प्रवर्द्धनात्मक विधिहरु अपनाएर सुशासनको प्रत्याभूति गराउने उद्देश्यले यस केन्द्रले संचालन गरेका कार्यले मात्र समाजमा आर्थिक अनुशासन, नैतिकता र सदाचार पूर्ण रुपले कायम राख्न सकिन्छ भन्न मिल्दैन । स्थानीय स्तरमा आमजनतालाई सेवा प्रदान गर्ने उद्देश्यले कार्यरत स्थानीय निर्वाचित निकायहरु, स्थानीय प्रशासनिक निकायहरु, सार्वजनिक संस्थाका स्थानीय निकायहरु र राष्ट्रिय तथा अन्तराष्ट्रिय गैरसरकारी संस्थाका स्थानीय निकायहरुले निष्पक्षता, पारदर्शिता, जवाफदेहिता , सामाजिक न्याय जस्ता सुशासनका मुलभूत तत्वहरुलाई आत्मसात गर्दै इमान्दारी पूर्वक सेवा प्रदान गर्ने र नागरिक समाजले सेवा प्रदायकबाट इमान्दारीपूर्वक पारदर्शी रुपमा सेवा प्रदत्त भए नभएको निगरानी राख्न सक्ने र नभएको अवस्थामा वहश पैरवी गर्न सक्ने क्षमताको विकास गर्न आम जनतालाई प्रशिक्षित गर्नुको साथै सेवा प्रदायक र नागरिक समाज बिच समन्वय र सहकार्यको विस्तार र विकास गर्दै जान सकेमा भ्रष्टाचार नियन्त्रणमा अपेक्षित सफलता प्राप्त हुन सक्ने देखिन्छ ।

❋-*समाप्त*-❋

# १. पृष्ठभूमि :-

सर्वसाधारणको सुख, शान्ति र आर्थिक हितको निमित्त समाजमा आर्थिक अनुशासन, नैतिकता र सदाचार कायम राख्ने उद्देश्यले बनेको भ्रष्टाचार निवारण ऐन, २०५९ बमोजिम भ्रष्टाचारजन्य कार्यलाई प्रभावकारी रुपमा नियन्त्रण गर्न तथा भ्रष्टाचार विरुद्ध जनचेतना अभिवृद्धि गर्न प्रधानमन्त्रीको प्रत्यक्ष रेखदेख र नियन्त्रणमा रहने गरी राष्ट्रिय सतर्कता केन्द्रको स्थापना गर्न सक्ने व्यवस्था भए बमोजिम श्री ५ को सरकारको निर्णयानुसार २०५९।४।२७ मा राष्ट्रिय सतर्कता केन्द्रको स्थापना भएको हो ।

नवस्थापित यस केन्द्रले मूलतः प्रशासनिक तथा सार्वजनिक क्षेत्रका विभिन्न तहमा हुने ढिलासुस्ती, प्रशासनिक तथा आर्थिक अनियमितता, राजश्व चुहावट लगायत भ्रष्टाचारजन्य अन्य क्रियाकलापहरुको प्रभावकारीरुपमा नियन्त्रण गरी सुशासनको प्रत्याभूति दिन निरोधात्मक, सचेतनात्मक तथा प्रवर्द्धनात्मक (Preventive & Promotional) कार्यहरु गर्दै आइरहेको छ ।

## २. काम, कर्तव्य र अधिकार :-

भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा ३८ बमोजिम यस केन्द्रलाइ तोकिएका काम, कर्तव्य र अधिकार देहाय बमोजिम रहेका छन्:-

**काम ,कर्तब्य :-**

- श्री ५ को सरकारका मन्त्रालय, विभाग, कार्यालय र सार्वजनिक संस्थाबाट सम्पादन हुनु पर्ने कार्यहरु नियमित रुपमा भए नभएको विषयमा सूचना संकलन गर्ने ।
- श्री ५ को सरकारका मन्त्रालय, विभाग, कार्यालय वा सार्वजानिक संस्थाबाट नियमितरुपमा हुनुपर्ने कार्य भएको नपाइएमा त्यस्ता निकायलाई सो विषयमा सतर्क गर्ने ।
- सार्वजानिक पद धारण गरेको ब्यक्तिले प्रचलित कानून वमोजिम दिएको सम्पति विवरण र आयको अनुगमन गर्ने ।
- भ्रष्टाचार नियन्त्रण सम्बन्धमा अपनाउनु पर्ने नीति, रणनीति र तत् सम्बन्धी कानूनमा कुनै सुधार गर्नु पर्ने देखिएमा श्री ५ को सरकारलाई आवश्यक सुझाव दिने ।
- श्री ५ को सरकारका मन्त्रालय, विभाग, कार्यालय वा सार्वजानिक संस्थामा उजूरी पेटिका राख्ने ब्यवस्था मिलाउने ।
- भ्रष्टाचार रोकथाम गर्ने उद्देश्यले आवश्यकता अनुसार सम्बन्धित निकायलाई कुनै सुझाव वा निर्देशन दिने ।
- भ्रष्टाचार सम्बन्धी कसूरमा अनुसन्धान गर्ने निकाय वा पदाधिकारीबाट भ्रष्टाचार सम्बन्धी आवश्यक विवरण वा सूचना प्राप्त गरी अद्यावधिक गराई राख्ने ।
- भ्रष्टाचार सम्बन्धी प्राप्त कुनै जानकारी सम्बन्धित निकायमा लेखी पठाउने ।
- भ्रष्टाचार नियन्त्रण सम्बन्धमा आईपर्ने अन्य काम गर्ने वा गराउने ।
- श्री ५ को सरकारले तोकेका अन्य काम गर्ने वा गराउने ।

**अधिकार :-**

- श्री ५ को सरकारका मन्त्रालय, विभाग, कार्यालय वा सार्वजानिक संस्थाबाट नियमितरुपमा हुनु पर्ने कार्य भएको नपाइएमा त्यस्ता निकायलाई सो विषयमा सतर्क गराउने ।
- भ्रष्टाचार हुन सक्ने स्थान वा काममा नियमित निगरानी राख्ने, छड्के जाँच र अन्वेषण गर्न आवश्यक ब्यवस्था मिलाउने ।
- भ्रष्टाचार नियन्त्रण सम्बन्धमा अपनाउनु पर्ने नीति, रणनीति र तत् सम्बन्धी कानूनमा कुनै सुधार गर्नु पर्ने देखिएमा श्री ५ को सरकारलाई आवश्यक सुझाव दिने ।
- भ्रष्टाचार रोकथाम गर्ने उद्देश्यले आवश्यकता अनुसार सम्बन्धित निकायलाई कुनै सुझाव वा निर्देशन दिने ।
- भ्रष्टाचार सम्बन्धी कसूरमा अनुसन्धान गर्ने निकाय वा पदाधिकारीबाट भ्रष्टाचार सम्बन्धी आवश्यक विवरण वा सूचना प्राप्त गरी अद्यावधिक गराई राख्ने ।
- भ्रष्टाचार सम्बन्धी प्राप्त कुनै पनि जानकारी सम्बन्धित निकायमा कारवाहीका लागि लेखी पठाउने ।

- श्री ५ को सरकारबाट स्वीकृत भएको भ्रष्टाचार विरुद्धको नीति तथा रणनीतिको कार्य योजना २०६० अन्तर्गत यस केन्द्रलाई निम्न कार्यहरु समेत तोकिएका छन् :

| क्र.स. | रणनीति | गर्नुपर्ने कार्यहरु | कैफियत |
|---|---|---|---|
| १. | सार्वजनिक निर्माण कार्यलाई व्यवस्थित, मितव्ययी र पारदर्शी बनाइनेछ । | सार्वजनिक निर्माणको गुणस्तरीयता कायम गर्ने तथा यसमा संलग्न व्यक्तिहरुलाई सदाचारभित्र राख्न राष्ट्रिय सतर्कता केन्द्रमा प्राविधिक परीक्षण (Technical Audit) महाशाखा खडा गरी प्रभावकारी परीक्षणको ब्यवस्था गर्ने । | वि.सं. २०६० सालमा केन्द्रमा प्राविधिक परीक्षण महाशाखा स्थापना भई विकास आयोजनाहरुको प्राविधिक परीक्षणको कार्य शुरु भइसकेको । |
| २. | कर्मचारी प्रशासनलाई जनमुखी, गुणस्तरीय, सक्षम, निष्पक्ष, प्रभावकारी, पारदर्शी र उत्तरदायी बनाई प्रशासनयन्त्रको सवलीकरण गर्ने । | नागरिक समाज समेतको सहभागितामा भ्रष्टाचार नियन्त्रणमा उल्लेखनीय छवि प्रस्तुत गर्ने विभाग/निकाय/कार्यालयहरुको मूल्याङ्कन गरी वर्षको “उत्कृष्ट निकाय” घोषणा गर्ने । | मूल्यांकनको मापदण्डलाई अन्तिमरुप दिने कार्य भइरहेको । |
| ३. | भ्रष्टाचार नियन्त्रण गर्न तथा आर्थिक अनुशासन कायम गर्न स्थापित संवैधानिक तथा अन्य सरकारी निकायहरुको संस्थागत क्षमता सुदृढ गरी भ्रष्टाचार नियन्त्रण सम्बन्धी कार्यलाई प्रभावकारी तुल्याइनेछ । | राष्ट्रिय सतर्कता केन्द्रलाई आवश्यक स्रोत साधनको व्यवस्था गरी सक्षम र सुदृढ तुल्याउने र प्राप्त सम्पत्ति विवरण प्रचलित कानून बमोजिम छानवीन गरी आवश्यक कारवाहीको लागि सम्वन्धित निकायहरुमा लेखी पठाउने । | सार्वजनिक पदधारण गरेका व्यक्तिले संपत्ति विवरण सम्बन्धित निकायमा बुझाए नबुझाएको जानकारी सम्बन्धित निकायबाट लिई जाँचबुझ गर्ने कार्य भइरहेको । |
| ४. | सरकारी, सार्वजनिक तथा गुठी जग्गाको व्यवस्थापनलाई प्रभावकारी बनाई भूमि प्रशासन सम्बन्धि कार्यमा हुने भ्रष्टाचारलाई निरुत्साहित तुल्याउने । | • अधिराज्यभरका सरकारी सार्वजनिक तथा गुठी जग्गाहरुको अभिलेख अद्यावधिक गरी गुठी संस्थान र राष्ट्रिय सतर्कता केन्द्रमा राख्ने व्यवस्था मिलाउने ।<br>• सरकारी सार्वजनिक तथा गुठी जग्गाको व्यवस्थापनलाई प्रभावकारी बनाई जग्गा हडप्ने प्रवृतिलाई कडाइका साथ नियन्त्रण गर्ने । | सम्बन्धित मन्त्रालय संग समन्वय गर्ने गरिएको । |

## ३. संगठनात्मक संरचना ,जनशक्ति तथा वजेट व्यवस्था :

यस केन्द्रका प्रमुख अधिकृतको प्रत्यक्ष मातहतमा २ वटा महाशाखाहरु – प्राविधिक परीक्षण महाशाखा र प्रशासन तथा अनुगमन महाशाखा रहेका छन् । यी महाशाखा अन्तर्गत ७ वटा विभिन्न शाखाहरु रहेका छन् । (संगठन तालीका परिशिष्ट "क" मा दिइएको छ ।)

राजपत्रांकित विशिष्ट श्रेणीको प्रमुख अधिकृतको पद सहित केन्द्रमा विभिन्न पद र श्रेणीका गरी ५५ जनाको स्थायी दरवन्दी स्वीकृत रहेको छ । उक्त पदहरुमध्ये ३० पद अधिकृतस्तर र २५ पद सहायकस्तरका रहेका छन् । ३० अधिकृत पदमध्ये १६ पद प्रशासनिक र १४ पद प्राविधिक अधिकृतहरुको रहेको छ । प्रशासन तर्फ २ अधिकृत र प्राविधिक तर्फ ७ अधिकृतहरुको पद हाल रिक्त रहेको छ । यसै गरी सहायकस्तरका कर्मचारीमध्ये १२ पद प्रशासनिक र १३ पद प्राविधिक कर्मचारीहरुको रहेको छ । सहायक कर्मचारी तर्फ प्रशासन तर्फका ३ पद र प्राविधिक तर्फका ४ पद रिक्त रहेका छन् । यसका अतिरिक्त चालक, पियन, पाले, स्वीपर, माली गरी जम्मा २० जनाको सेवा केन्द्रले करारमा लिन सक्ने व्यवस्था रहेको छ । एक जना चालकको पद बाहेक सवै पद करार सेवा अन्तर्गत पदपूर्ति गरिएको छ । साथै फाजिल दरवन्दीमा रही ६ जना निजामती कर्मचारी र साविक विशेष प्रहरी विभाग खारेज भई श्री ५ को सरकार (मन्त्रिपरिषद्) को २०६१।१।७ को निर्णयानुसार ६६ जना प्रहरी कर्मचारी काजमा कार्यरत छन् । (विस्तृत दरबन्दी विवरण परिशिष्ठ "ख" मा उल्लेख गरिएको छ ।)

यस केन्द्रलाई गत आर्थिक वर्षमा रु. १ करोड ४८ लाख ९० हजार विनियोजन भएकोमा रु. ९८ लाख ९५ हजार खर्च भएको छ । चालू आर्थिक वर्ष २०६२।६३ मा केन्द्रको लागि रु. १ करोड ८२ लाख ८३ हजार बजेट विनियोजन गरिएको छ । (विस्तृत विवरण परिशिष्टमा ग मा उल्लेख गरएको छ ।

## ४) आ.व.२०६१।०६२ मा सम्पादित कार्यहरुको संक्षिप्त विवरण :-

यस केन्द्रवाट आ.व.२०६१।०६२ मा भएका मुख्य मुख्य कार्यहरुको विवरण यस प्रकार रहेको छ ।

***क) सूचना संकलन तथा अन्वेषण***

केन्द्रमा विभिन्न माध्यमवाट ( हुलाक,टेलिफोन,पत्रपत्रिका आदि) प्राप्त हुने उजूरी एवं सूचनाहरुको सम्बन्धमा सम्वन्धित निकायमा पत्राचार गरी बुझ्ने वा स्थलगत रुपमा टोली पठाई प्रारम्भिक छानवीन(Enquiry) गरी भ्रष्टाचारजन्य क्रियाकलाप भएको पाइएमा सम्बन्धित निकायमा लेखी पठाउने र अनियमितता भएको पाइएमा आवश्यकतानुसार सरोकारवालालाई सतर्क वा ध्यानाकर्षण गराउने गरिएको छ । (यस क्षेत्रमा भएका कार्यहरुको विश्तृत विवरण परिशिष्ट घ मा उल्लेख गरिएको छ ।)

- गत आ. व.०६०।६१ वाट जिम्वेवारी सर्न आएका उजुरी : ४५
  यस आ.व. ०६१।०६२ मा परेका उजुरी :१७९
  जम्मा उजुरी :२२४
- भ्रष्टाचारजन्य क्रियाकलापहरुवारे सूचनाहरु प्राप्त गर्न केन्द्रमा हटलाइन टेलिफोनको (४२२४९०१) व्यवस्था गरिएको ।

***ख. अनुगमन***

सरकारी निकाय तथा सार्वजनिक संस्थाहरुद्धारा नियमित रुपमा कार्यसम्पादन भए नभएको सम्बन्धमा केन्द्रवाट समय समयमा विभिन्न कार्यालयहरुमा टोलीहरु खटाई केन्द्रले अनुगमन कार्य गर्दै आइरहेको छ । यस क्षेत्रमा देहाय वमोजिमका कार्यहरु भएका छन् ( विश्तृत विवरण परिशिष्ट ङ मा समावेश गरिएको छ ।)

- ३३ वटा विभागहरुको अनुगमन कार्य समाप्त भएको । अनुगमनको सिलसिलामा विभागहरुको भौतिक सुविधा तथा वातावरण, गुनासो व्यवस्थापन, कर्मचारीको उपस्थिति, जिम्मेवारी बाँडफाँड, आन्तरिक संचार प्रणाली र निर्णय प्रक्रिया, अभिलेख व्यवस्थापन तथा सम्पत्ती संरक्षण, बार्षिक कार्यक्रम र बजेट, बेरुजु सम्परीक्षण, सम्पत्ती विवरण अभिलेख तथा मातहत कार्यालय निरीक्षण अनुगमनको व्यवस्था लगायतका विषयमा अनुगमन गरिएको थियो ।

- उपत्यकाका १३ र उपत्यका वाहिरका १११ वटा कार्यालयहरुको अनुगमन निरीक्षण गरिएको ,अनुगमनबाट देखिएका कमी कमजोरीहरु हटाई सुधार गर्न सम्बन्धित तालुक कार्यालयहरुमा लेखी पठाइएको छ ।
- श्री ५ को सरकारका १५ वटा विभागहरुको हाजिरी छड्के गरी अनुपस्थित कर्मचारीहरुलाइ नि.से.नि. अनुसार कारवाही गर्न सम्वन्धित निकायमा लेखी पठाइएको ।
- केन्द्रमा काज आएका प्रहरी कर्मचारीहरुलाई सार्वजनिक निकायवाट पदान भैरहेको सेवा प्रवाह सम्वन्धमा सूचना संकलन गर्न काठमाण्डौ, ललितपुर र भक्तपुरका सवै निर्वाचन क्षेत्रमा परिचालन गरिएको ।

*ग. सार्वजनिक पदधारण गरेका व्यक्तिको सम्पत्ति विवरण तथा आयको अनुगमन*

राष्ट्रिय सतर्कता केन्द्रलाई सार्वजनिक पद धारण गरेका व्यक्तिहरुको सम्पत्ती विवरण र आयको अनुगमन गर्ने जिम्मेवारी भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा ३८ (ग) ले सुम्पिएको तथा श्री ५ को सरकार गृह मन्त्रालयले मिति २०५९।५।३ मा राजपत्रमा सूचना प्रकाशित गरी सार्वजनिक पद धारण गरेका व्यक्तिले सम्पत्ती विवरण बुझाउने निकायहरु समेत तोकी दिएको छ ।

श्री ५ का सरकारका सवै मंत्रालयहरु, न्याय परिषद सचिवालय, सर्वोच्च अदालत, प्रधानमन्त्री तथा मन्त्रिपरिषदको कार्यालय, संसद सचिवालयहरुलाई पत्राचार गरी सम्पत्ति विवरण बुझाए नबुझाएको सम्वन्धमा अनुगमन गरिएको छ । जनपद प्रहरी तर्फ प्रहरी महानिरीक्षकदेखि प्रहरी निरीक्षकसम्मका दर्ज्यानी भएका अधिकृतहरुले सम्पत्ती विवरण बुझाएको जानकारी प्राप्त भएको र अन्य प्रहरी कर्मचारीहरुले पनि सम्पत्ती विवरण बुझाए/नबुझाएको विवरण माग गरिएको छ । त्यसरी नै सशस्त्र प्रहरी बल तर्फ पनि सशस्त्र प्रहरी महानिरीक्षक देखि सशस्त्र प्रहरी निरीक्षक सम्मका दर्ज्यानी भएका अधिकृतहरुले सम्पत्ती विवरण बुझाएको जानकारी प्राप्त भएको छ । साथै, श्री ५ को सरकारको सेवाबाट अवकास पाई निवृत्तिभरण पाइरहेको व्यक्तिहरु पुनः सार्वजनिक लाभको पदमा अथवा सरकारी सेवामा पारिश्रमिक पाउने गरी श्री ५ को सरकारबाट नियुक्ति भएमा पारिश्रमिक र निवृत्तिभरण दुवै सुविधा एक साथ लिन नहुने व्यवस्थाका सम्बन्धमा यस केन्द्रले त्यस्तो दुबै सुविधा लिइरहेका पदाधिकारीहरुको विवरण लिने कार्यको थालनी गरेको छ ।

## *घ. जनचेतना अभिवृद्धि सम्वन्धी कार्यक्रम :*

भ्रष्टाचार विरुद्ध जनचेतना अभिवृद्धि गर्ने किसिमका कार्यक्रमहरुको संचालन गर्नु केन्द्रको प्रमुख कार्यक्षेत्र पर्दछ । यसका लागि केन्द्रले अधिराज्यका विभिन्न जिल्लाहरुमा सरकारी निकाय एवं सार्वजनिक संस्थाका प्रमुखहरु, नागरिक समाजका प्रतिनिधिहरु, पत्रकारहरु, बुद्धिजिवीहरु सहभागी गराई कार्यपत्रहरु प्रस्तुत गरी गोष्ठी,सेमिनार,छलफल कार्यक्रमहरुको आयोजना गर्ने गरेको छ । यस क्षेत्रमा देहाय वमोजिमका कार्यहरु भएका छन् ( विश्तृत विवरण परिशिष्ट च मा समावेश गरिएको छ ।)

- ❖ स्वीकृत वार्षिक कार्यक्रम अनुसार केन्द्रको एकल आयोजनामा ८ वटा जिल्लास्तरीय गोष्ठी तथा एउटा क्षेत्रीयस्तरको गोष्ठी सम्पन्न गरिएको ।
- ❖ केन्द्र र अख्तियार दुरुपयोग अनुसन्धान आयोगको संयुक्त आयोजनामा पोखरामा क्षेत्रीय गोष्ठी सम्पन्न भएको ।
- ❖ अख्तियार दुरुपयोग अनुसन्धान आयोग र राष्ट्रिय सतर्कता केन्द्रको संयुक्त आयोजनामा विभाग स्तरीय कार्यविधि कार्यान्वयन गोष्ठी , २०६२ काठमाण्डौको होटल हिमालयमा मिति २०६२।३।१७ मा सम्पन्न भएको ।
- ❖ अख्तियार दुरुपयोग अनुसन्धान आयोगले संचालन गरेका विराटनगर, विरगंजका क्षेत्रीय गोष्ठीहरुमा केन्द्रले कार्यपत्र प्रस्तुत गरेको ।

## *ङ. प्राविधिक परीक्षण :*

विकास निर्माणका काममा उचित गुणस्तरीयता कायम होस्, विकास निर्माणका आयोजनाहरु निर्दिष्ट लागतको परीधिभित्रै समयमानै सम्पन्न होऊन् साथै यस्ता आयोजनाहरुको कार्यान्वयनबाट सर्वसाधारणले अपेक्षित फल दीर्घकालसम्म प्राप्त गर्न सकून् भन्ने उद्देश्यले सार्वजनिक विकास निर्माण आयोजनाहरुको प्राविधिक परीक्षण गर्ने गरिएको छ । प्राविधिक परीक्षणका सन्दर्भमा यस आ.व.मा देहाय बमोजिमका कार्यहरु केन्द्रबाट सम्पादन भएका छन् जसको विश्तृत विवरण परिशिष्ट छ मा समावेश गरिएको छ ।

- सडक, खानेपानी, आवास, भवन आदि विषयसंग सम्वन्धित अनुगमन निर्देशिकाहरुको परिमार्जन गरिएको ।
- काठमाण्डौं र ललितपुरका सडक डिभिजनमा प्राविधिक परीक्षण गरिएको ।
- RMDP कार्यक्रम अन्तरगत ४ वटा सडक आयोजनाहरुको प्राविधिक परीक्षण सम्पन्न भएको ,अन्य ३ वटा आयोजनाहरुको प्राविधिक परीक्षण संचालन भैरहेको तथा १० वटा आयोजनाको प्राविधिक परीक्षण गर्न लागत अनुमान तथा कार्य विवरण (T.O.R.) स्वीकृत भई ए.डि.वि. वाट समर्थन प्राप्त भैसकेको ।

- सार्वजनिक निर्माण कार्यको प्राविधिक परीक्षण हाम्रो देशका लागि नयाँ विषयवस्तु भएकोले त्यसका लागि आवश्यक पर्ने जनशक्तिलाई दक्ष बनाउने उद्देश्यले सार्वजनिक सेवाका एवं निजी क्षेत्रका इन्जिनियरहरु समेतलाई समावेश गरी तेश्रो चरणमा १८ जनालाई प्राविधिक परीक्षण सम्बन्धी प्रशीक्षण प्रदान गरी हालसम्म जम्मा ५४ जना प्राविधिकहरु तयार गरिसकिएको ।
- सिंचाई तथा ग्रामीण सडक आयोजनाको प्राविधिक परीक्षणका लागि प्राविधिक परीक्षण निर्देशिका (Technical Audit Manual) तयार गरिएको ।
- राष्ट्रिय सतर्कता केन्द्रकै जनशक्तिद्वारा सडक डिभिजन कार्यालय, ललितपुर अन्तर्गत र सडक डिभिजन कार्यालय, भक्तपुर अन्तर्गतका आयोजनाहरुको प्राविधिक परीक्षण कार्य सम्पन्न गरिएको ।
- केन्द्रमा प्राप्त उजुरी तथा अन्य किसिमले प्राप्त सूचनाका आधारमा विभिन्न सार्वजनिक विकास निर्माण कार्यको आकस्मिक निरीक्षण र परीक्षण गर्ने पद्धतिको शुरुवात गरिएको । (यस अन्तर्गत पशुपति क्षेत्र अन्तर्गतको निर्माण कार्य, बाग्लुङ - जोमसोम सडक अन्तर्गत पर्ने वेनी पुल तथा उपत्यकाभित्रका आयोजनाहरु निरीक्षण गरिएको )

*च. भ्रष्टाचार नियन्त्रणमा संलग्न सरकारी निकाय, गैरसरकारी निकाय एवं नागरिक समाज संग समन्वय एवं सहकार्य* :

भ्रष्टाचार नियन्त्रणमा कार्यरत विभिन्न सरकारी निकायहरु – भ्रष्टाचार नियन्त्रण शाही आयोग, अख्तियार दुरुपयोग अनुसन्धान आयोग तथा नागरिक समाज - ट्रान्सपरेन्सी इन्टरनेशनल, प्रो पब्लिक, रिमेक जस्ता निकायसंग समन्वय एवं सहकार्य गरी भ्रष्टाचार न्यूनिकरण गर्ने कार्यमा केन्द्र क्रियाशील रही आएको छ ।

- भ्रष्टाचार नियन्त्रण शाही आयोगबाट केन्द्रमा प्राप्त उजूरीहरु स्थलगत रुपमै जाँचबुझ गरी प्रतिवेदन पठाइने गरेको ।
- भ्रष्टाचार नियन्त्रण शाही आयोगमा केन्द्रका कर्मचारीहरु काजमा पठाइएको ।
- अख्तियार दुरुपयोग अनुसन्धान आयोगबाट केन्द्रलाई प्राप्त उजूरी उपर अनुसन्धान गरी प्रतिवेदन पठाउने गरेको र केन्द्रमा परेका उजूरीहरु उपर छानवीन गरी आवश्यक कारवाहीको लागि आयोगमा पठाउने गरिएको ।

- अख्तियार दुरुपयोग अनुसन्धान आयोगको निर्देशन बमोजिम केन्द्रबाट श्री ५ को सरकारको ३३ वटा विभागहरुको विभागीय कार्यविधि कार्यान्वयनको अनुगमन गरिएको । कार्यविधि कार्यान्वयनको स्थिति बारे श्री ५ को सरकारका सचिव एवं विभागीय प्रभुखहरुलाई आमन्त्रण गरी केन्द्र र आयोगको संयुक्त आयोजनामा गोष्ठी आयोजना गरिएको र सो गोष्ठीलाई श्री ५ को सरकारको तर्फबाट मंत्रिपरिषदका सम्माननीय उपाध्यक्षज्यूले प्रमुख अतिथिको रुपमा संबोधन गर्नुभएको ।
- नागरिक समाजको समेत सहयोगमा उत्कृष्ट निकाय घोषणा सम्बन्धमा आवश्यक मापदण्ड (सूचकांक) तयार गर्ने कार्य भइरहेको ।
- भ्रष्टाचार विरुद्ध निरोधात्मक कार्यक्रमहरु (Preventive Measures) संचालन गर्ने सम्बन्धमा नागरिक समाजसंग मासिक रुपमा छलफल एवं विचार विमर्श गर्ने कार्य शुरु गरिएको ।
- उत्कृष्ट निकाय छनौट गर्न हालसम्म तैयार भएका सूचकांकलाइ अन्तिम रुप दिन सम्वन्धित विशेषज्ञसँग परामर्श भइरहेको ।

*छ. केन्द्रको ५ वर्षे रणनीतिक योजनाको तर्जमा* :

केन्द्रलाई तोकिएका जिम्मेवारी सफलतापूर्वक निर्वाह गर्न एउटा निश्चित योजनाका साथ केन्द्रका कार्यक्रमहरु संचालन गर्न केन्द्रले ५ वर्षे रणनीतिक योजना (Strategic Plan) को मस्यौदा तयार गरिसकेको र यसलाई अन्तिम रुप दिने कार्य भैरहेको छ ।

*ज. राष्ट्रिय सतर्कता केन्द्रको नियमावली तर्जुमा* :

भ्रष्टाचार निवारण ऐनले केन्द्रलाई तोकेको कार्यहरु सरल, स्पष्ट एवं व्यवस्थित रुपमा संपादन गर्न नियमावलीको आवश्यकता महसूस गरी केन्द्रले नियमावलीको मस्यौदा तयार गरी श्री ५ को सरकार (मन्त्रिपरिषद) को स्वीकृतिको लागि प्रधानमंत्री एवं मन्त्रिपरिषदको कार्यालयमा पठाइसकेको र तत्सम्बन्धमा सम्बन्धित निकायहरु (राष्ट्रिय योजना आयोग, भौतिक योजना मन्त्रालय, अर्थ मन्त्रालय र न्याय, कानून तथा संसदीय व्यवस्था मन्त्रालय आदि ) को सहमति लिने कार्य भैरहेको छ ।

*झ. अन्तर्राष्ट्रिय सम्बन्ध र सहयोग*

भ्रष्टाचार रोकथाम एवं नियन्त्रणको लागि विश्वका अन्य मुलुकमा भएको व्यवस्था तथा ती मुलुकहरुले अवलम्बन गरेको नीति तथा सँगालेका अनुभवहरु हाम्रो मुलुकको सन्दर्भमा पनि उपयोगी हुनसक्ने हँदा केन्द्रले भ्रष्टाचार नियन्त्रणमा संलग्न अन्तराष्ट्रिय निकायहरुसंग सम्पर्क एवं

सम्बन्ध विकास गर्दै लैजाने सोच लिएको छ । यस क्रममा केन्द्रका प्रमुख सहितको टोलीले थाइलैण्डको National Counter Corruption Commission (NCCC) र हङकङको Independent Commission Against Corruption (ICAC) को भ्रमण गरी ती निकायका सम्बद्ध पदाधिकारीहरुसंग अनुभवको आदान प्रदान एवं केन्द्र र यी निकाय बीच हुन सक्ने सहयोगका क्षेत्रका बारेमा परामर्श गरिसकेको छ ।

**ञ) अन्य :**

केन्द्रलाइ भौतिक रुपले साधन सम्पन्न वनाउन यस आ.व.मा देहाय वमोजिमका कार्यहरु भएका छन ।

- केन्द्रको वैठक कोठा निर्माण भएको ।
- केन्द्रको स्रोतवाट २ वटा कम्प्युटर खरीद गरिएको ।
- ARD वाट ८ वटा कम्प्युटर , २ वटा ल्यापटप , ९ वटा UPS ,४० वटा मेच , २० वटा टेवल तथा १० वटा दराज प्राप्त भएको , RMDP अन्तर्गत गोष्ठी संचालन सँग सम्वन्धित संचार सामानहरु खरिद गरिएको ।
- पुराना काम नलाग्ने सामानहरु लिलाम वढावढद्वारा विक्री गरिएको ।

## ५) भविष्यका कार्ययोजना (Future Action Plan)

१. श्री ५ को सरकारको उच्च प्राथमिकतामा परेको भ्रष्टाचार निरोधात्मक कार्यक्रमलाई सफल पार्न नागरिक समाज, गैरसरकारी संस्था, अन्तराष्ट्रिय गैरसरकारी संस्थासंग, समेत सहकार्य गरी व्यापक रुपमा भ्रष्टाचार विरुद्ध जनचेतना जगाउन गोष्ठी, सेमिनार, अन्तरक्रियाका कार्यक्रमलाई अधिराज्यव्यापी बनाउने ।

२. भ्रष्टाचार विरुद्धको सन्देशलाई आम जनतामा प्रवाह गर्न श्रव्य दृश्य सामाग्रीहरु जस्तै टेलिफिल्म र डकुमेन्टरीको निर्माण गर्ने सडक नाटक, कविता, दोहोरी गित, निबन्ध, कार्टुन चित्र, हाजिरी जवाफको प्रतियोगिता गराउने, अधिराज्यभर शिक्षण संस्थामा वक्तृत्वकला प्रतियोगिता गराउने, पत्रिका, आवद्यिक प्रतिवेदन छपाई वितरण गर्ने, वुलेटिन, स्टिकर, पम्लेट छपाई वितरण गर्ने तथा सार्वजनिक र मान्छेको आवत जावत वढी हुने ठाउँमा, सूचना पाटी र होर्डिङ वोर्ड बनाई टाँस्ने कार्य गर्ने ।

३. सार्वजनिक विकास निर्माण कार्यमा हुने गरेको भ्रष्टाचार रोकथामका लागि र सार्वजनिक निर्माण कार्यको गुणस्तरीयता प्रत्याभूत गर्न प्राविधिक परीक्षण पद्धती (Technical Auditing System) लाई अझ व्यापक वनाउँदै लगी सवै आयोजनाको लागि यो व्यवस्था अनिवार्य बनाउने र यस्तो परीक्षणमा उपभोक्ता समूह (users' Group) लाइ समेत सहभागी गराउँदै लाने ।

४. सार्वजनिक निर्माण आयोजनाहरुमा गरिने प्राविधिक परीक्षण कार्यलाई आयोजना कार्यान्वयनकै अंगका रुपमा लिई सबै खाले आयोजनाको लागत अनुमान तयार गर्दा प्राविधिक परीक्षण कार्यको लागि निश्चित (प्रतिशत) रकम समावेस गरी प्राविधिक परीक्षण कार्यमा तीव्रता ल्याउने ।

४. सदाचारयुक्त र अनुकरणीय सार्वजनिक निर्माण सम्पन्न गर्ने वा सेवा प्रवाह गर्नेलाई प्रोत्साहन गरी स्वच्छ र भ्रष्टाचार मुक्त व्यक्तिलाई सम्मानित गर्ने परम्परा वसाल्न त्यस्ता व्यक्ति वा संस्थाको छनौट गरी पुरस्कृत गर्ने ।

५. यस केन्द्रका कर्मचारीलाई भ्रष्टाचार रोकथामका क्षेत्रमा दक्षता वृद्धि गराई विशेषज्ञीकरण तर्फ उन्मुख गराउन आवश्यक पर्ने स्वदेशी तथा विदेशी सीप र प्रशीक्षण दिलाउँदै जाने ।

६. अनिवार्य रुपमा संपत्ती विवरण बुझाउनु पर्ने कानूनी दायित्व भएका र सार्जजनिक पद धारण गर्ने सबै व्यक्तिहरुको संपत्ती अनुगमनको लागि निर्देशिका तयार गरी अनुगमन गर्ने कार्यलार्य व्यापकता दिने ।

७. भ्रष्टाचार रोकथामका लागि जनचेतना जगाउने खालका सवै कार्यक्रम तथा अभियानहरुमा सक्रिय सहभागिता बढाउदै जाने ।

८. केन्द्रले रेडियो तथा टेलिभिजन मार्फत भ्रष्टाचार विरुद्ध नियमित कार्यक्रम प्रसारण देशभर प्रसारण गर्ने ।

९. अधिराज्य भरिका सरकारी कार्यालय एवं सार्वजनिक संस्थाबाट संपादित हुने कार्यको नियमित अनुगमन गरी प्राप्त सूचनालाई अभिलेखित गर्ने ।

१०. नीजी क्षेत्रका कार्यलयहरुमा हुने भ्रष्टाचार विरुद्ध जनचेतना जगाउन नियमित रुपले त्यस्ता संस्थाहरुको समेत सहभागिता हुने गरी खुल्ला अन्तरक्रिया कार्यक्रम संचालन गर्ने ।

## ६) सुझावहरु :

### क) तत्काल गर्न सकिने :–

१) मन्त्रिपरिषदका सदस्यहरु, संबैधानिक निकायका पदाधिकारीहरु, न्यायाधिशहरु, पत्रकारहरु एवं अन्य पेशागत समूहहरु तथा निजामति कर्मचारीको छुट्टाछुट्टै आचारसहिंता बनाई (भ्रष्टाचार निवारण ऐन र निजामती सेवा ऐनमा भएका व्यवस्थाहरु समेटी) लागू गर्ने व्यवस्था गर्ने ।

२) श्री ५ को सरकार, मन्त्रालय, विभाग, कार्यालय तथा स्थानीय निकायहरु जि.वि.स., न.पा तथा गा.वि.स का प्रत्येक निर्णयहरु सार्वजनिक गर्ने व्यवस्था गर्ने ।

३) राजनैतिक दलहरुको हर हिसाब लेखापरीक्षण गर्ने व्यवस्था गर्ने र व्यक्ति तथा उद्योगी/व्यापारीले दिने Donation को सीमा तोक्ने व्यवस्था गर्ने ।

४) पारदर्शी मापदण्डको आधारमा राजनैतिक नियुक्ति गर्ने र सार्वजनिक संस्थानहरुमा नियुक्ति गर्दा Performance Indicator तोकी जिम्मेवारी दिने व्यवस्था गर्ने ।

५) मंत्री, संवैधानिक निकायका पदाधिकारी, तथा राजनैतिक नियुक्ति हुने व्यक्तिले पाउने सेवा सुविधाको बारेमा स्पष्ट गर्ने । आफूले पाउनेभन्दा बढीको सेवा सुविधा लिएको पाइएमा कार्यवाही गर्ने व्यवस्था गर्ने ।

६) नीतिगतरुपमा हुनसक्ने भ्रष्टाचारलाई रोक्न कुनै पनि नीतिको तर्जुमा गर्दाको अवस्थामै सम्बन्धित व्यक्तिहरु समेतको सहभागिता गराई व्यापक रुपमा छलफल गराए पश्चात मात्र नीति निर्माण गर्ने परिपाटी बसाल्ने ।

७) तोक आदेशको भरमा काम गर्ने प्रवृति बन्द गर्ने । निश्चित कार्यविधि अपनाई निर्णय गर्ने व्यवस्था कडाइका साथ पालना गर्न लगाउने ।

८) सामाजिक व्यवहारमा बढ्दै गएको तडक भडक र फजूल खर्चको कारण भ्रष्टाचार बढ्ने हुँदा यस्तो तडकभडक र फजूल खर्च रोक्न सामाजिक व्यवहार (सुधार) ऐन, २०३३ को ऐनको प्रावधान प्रभावकारी रुपमा कार्यान्वयन गरिनु पर्ने ।

९) आर्थिक अपराधलाई रोकथाम एवं नियन्त्रण गर्न बैंक तथा वित्तीय संस्थानमा एकपटकमा १० लाखभन्दा बढीको रकम जम्मा गर्ने वा झिक्ने व्यक्तिको विवरण सम्बन्धित बैंक तथा वित्तीय संस्थाबाट प्राप्त गरी सो को विश्लेषण गर्ने सम्बन्धमा सम्बन्धित निकाय (नेपाल राष्ट्र बैंक, नेपाल प्रहरी तथा राष्ट्रिय सतर्कता केन्द्रको प्रतिनिधि भएको ) का प्रतिनिधि भएको Economic Intelligence Unit स्थापना गरी निगरानी गराउने र भ्रष्टाचार तथा अन्य कृयाकलाप गरी त्यस्तो रकम प्राप्त गरेको देखिएमा सो को जानकारी सम्बन्धित निकायमा पठाउने व्यवस्था गर्ने ।

१०) जिल्लास्थित कार्यालयहरुले लेखिपठाएको विषयहरुमा विभाग तथा मंत्रालयले र एउटा मंत्रालयले पत्राचार गरेको विषयमा अर्को मंत्रालय संवेदनशील नहुने र वेवास्ता गर्ने गरेको कारण पनि सरकारी काम कारवाहीमा वाञ्छित प्रभावकारिता आउन सकेको छैन । तसर्थ मंत्रालयहरुले पनि आफ्नो कार्यविधि बनाउने र यसरी अनिर्णित र Non-Response भई बस्ने तालुक अड्डाको परिपाटीलाई अन्त्य गर्ने व्यवस्था गर्ने ।

११) निजामती कर्मचारी, प्रहरी (जनपद र सशस्त्र) कर्मचारी तथा सार्वजनिक संस्थाका संपूर्ण कर्मचारीहरुले संपत्ती र आयको विवरण राष्ट्रिय सतर्कता केन्द्रमा बुझाउने व्यवस्था गर्ने ।

१२) भ्रष्टाचारजन्य कृयाकलाप हुने संभावना वढी भएका कार्यालयका प्रमुख (उदाहरणका लागि तल केही पदहरु उल्लेख गरिएको छ) तथा अन्य कर्मचारीले पेश गरेको संपति र आयको विवरण राष्ट्रिय सतर्कता केन्द्रले प्रत्येक वर्ष अनुगमन गर्ने व्यवस्था गर्ने ।

- भंसार अधिकृत
- कर अधिकृत
- मालपोत अधिकृत
- नापि अधिकृत
- भूमिसुधार अधिकारी
- अध्यागमन अधिकृत
- श्रम अधिकृत
- यातायात अधिकृत
- कार्यकारी अधिकृत
- लेखा अधिकृत
- हुलाक अधिकृत (बैदेशिक)
- लेखापरीक्षण अधिकृत
- स्थानीय विकास अधिकारी
- प्राविधिक ईञ्जिनियर (सिंचाई, सडक, खानेपानी, ग्रामीण सडक)
- वन अधिकृत /वार्डेन
- नापतौल अधिकृत
- प्रमुख जिल्ला अधिकारी
- महानिर्देशक (भंसार, कर, मालपोत, बन, अध्यागमन, उद्योग, नापतौल)
- महावाणिज्यदूत
- वडा प्रहरी प्रमुख/ जिल्ला प्रहरी प्रमुख/अंचल प्रहरी प्रमुख/ क्षेत्रीय प्रहरी प्रमुख
- सरकारी वकिल
- बैकका प्रबन्धकहरु (राष्ट्रिय वाणिज्य बैक, कृषि विकास बैक)
- विद्युत प्राधिकरण (प्रमुख तथा विभागीय प्रमुख तहका कर्मचारी)
- नागरिक उड्यन प्राधिकरण (प्रमुख तथा विभागीय प्रमुख तहका कर्मचारी)
- सार्वजनिक संस्थानका अध्यक्ष तथा महाप्रवन्धक
- आई.जी.पी. ( जनपद/सशस्त्र)
